# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।११ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला स्वास्थ्य कार्यालय, पाल्पामा नक्कली बिल भरपाई पेश गरी सरकारी रकम लिई भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका हात्तीपाइले कार्यक्रमका संचालक सि.अ.हे.व. मिनबहादुर विष्टले गाडी भाडावापत जम्मा रु. २,३४,०००।— (दुई लाख चौतीस हजार) हिनामिना गरेको देखिन आएको र उक्त कार्यबाट नेपाल सरकारलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिंदा निज सि.अ.हे.व. मिनबहादुर विष्टले हिनामिना गरेको रु. २,३४,०००।— बिगो कायम गरी निजलाई ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी हिनामिना हानिनोक्सानी भएको रकम ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुरउपर हुनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला